# संविधान सभाको म्याद थप गर्न मिति २०६७।२।१४ मा भएको सहमति

ऐतिहासिक जनआन्दोलनको जनादेश, नेपालको अन्तरिम संविधान, २०६३, लोकतन्त्र, दिगो शान्ति तथा विस्तृत शान्ति सम्झौता अनुरुप हामीहरु निम्नलिखित प्रतिवद्धता गर्दछौं :

१. शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन यससम्बन्धमा बाँकी कामहरु अविलम्ब सम्पादन गर्न तथा नयाँ संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न सहमति र सहकार्यका साथ अघि बढ्न हामी दृढ प्रतिज्ञ छौं ।

२. नयाँ संविधान निर्माणको प्रक्रियामा उल्लेखनीय काम भएपनि सबै कार्य पूरा नभएकोले संविधानसभाको कार्यावधि एक वर्ष थप्न हामी सहमत छौं ।

३. उपयुक्त जिम्मेवारी एवं कार्यहरु यथाशीघ्र सम्पन्न गर्ने सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्न हामी तत्पर छौं । यसका लागि वर्तमान संयुक्त सरकारका प्रधानमन्त्री अविलम्ब राजिनामा गर्न तत्पर रहने कुरा स्पष्ट गर्दछौं ।

| | | |
|---|---|---|
| झलनाथ खनाल | सुशील कोइराला | पुष्प कमल दाहाल |
| अध्यक्ष | का.वा. सभापति | अध्यक्ष |
| ने.क.पा. (एमाले) | नेपाली काँग्रेस | ए.ने.क.पा.(माओवादी) |

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com